नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.co
Website: http://daopalpa.moha.gov.
Facebook Page : www.facebook.com/daopal

च. नं :
पत्र संख्या : ०७८/०७९

मिति : २०७८।१०।६

**बिषय : कोभिड -१९ संक्रमण रोकथाम सम्बन्धमा जारी गरिएको थप आदेश ।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा यस जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।९।२८ मा जारी गरिएका आदेशका सूचनाहरु यथावत रहने गरी देहाय बमोजिमका आदेशहरु थप जारी गरि गरिएको छ ।

१. नेपाल सरकार मन्त्रिपरिषदको बैठक संख्या ६१ मिति २०७८।९।३० को निर्णयको जानकारी सबै स्थानीय तह तथा कार्यालयमा उपलब्ध गराईएको छ । सो अनुसार आ-आफ्नो जिम्मेवारी र कर्तव्यपालना अनिवार्य रुपमा गर्नु, गराउनु हुन ।
२. अत्यावश्यक काम नपरी आफ्नो घर परिसर भन्दा बाहिर ननिस्कनु हुन ।
३. गोष्ठि, सेमिनार, समीक्षा बैठक जस्ता क्रियाकलाप सञ्चालन भर्चुअल माध्यवाट गर्ने, भौतिक उपस्थितिमा नगर्ने ।
४. सिनेमा हल, डान्सवार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिमखाना, स्वीमिङ पुल, फुटसव, पटके, हाटबजार र मानिसहरुको भिडभाड हुने सबै प्रकारका कार्यक्रम नगर्ने, नगराउने ।
५. विद्यालय, विश्वविद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप भौतिक उपस्थितिमा नगर्ने, नगराउने ।
६. मठ, मन्दिर, मस्जित, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्राथना मात्र गर्ने ।
७. सबै प्रकारका पसलमा एकै पटकमा ५ जना भन्दा बढी भिडभाड नगर्ने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बिचमा कम्तीमा दुई मिटर दूरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइजर गर्ने गरी सन्चाल गर्ने । जनस्वास्थ्य सम्बन्धि मापदण्ड पालन गर्ने, गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सन्चालकको हुने ।
८. पार्टी, प्यालेसमा एक पटकमा कूल क्षमताको बढीमा एक तिहाईमा नबढ्ने गरी मात्र तथा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीवाट पूर्व स्वीकृति लिई विवाह, ब्रतबन्ध गर्न सकिने ।
९. खेलकुद, कार्यक्रम नगर्ने, नगराउने ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.co
Website: http://daopalpa.moha.gov.
Facebook Page : www.facebook.com/daopal

च. नं :
पत्र संख्या : ०७८/०७९

१०. विवाह, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु गर्दा सीमित संख्यामा जनस्वास्थ्यको पालना हुने गरी मात्र गर्ने ।

**११. सार्वजनिक यातायात सन्चालन सम्बन्धमा देहायको बमोजिम गर्ने :-**

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।
ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्नुपर्ने ।
घ) चालक र सहचालकले मास्क लगाउनु पर्ने ।
ङ) सवारी सधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नुपर्ने ।
च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने ।
छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बिच वाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तव्य देखि अन्तिम गन्तव्य सम्म यातायात सन्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई उपलब्ध गराउने ।
झ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

१२. कार्यालय र पसल जस्ता सार्वजनिक स्थानमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने, कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा रु पाँच रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

**१३. होटेल तथा रेष्टुरेन्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने ।**

क) होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पन्जा लगाउने ।
ख) होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवा ग्राहीलाई मास्क अनिवार्य गर्ने ।
ग) कुल क्षमताको आधाधन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने ।
घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने ।
ङ) होटेल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसंक्रमित गर्नुपर्ने ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.co
Website: http://daopalpa.moha.gov.ı
Facebook Page : www.facebook.com/daopalı

च. नं :
पत्र संख्या : ०७८/०७९

छ) वि.सं. २०७८ माघ ७ गते पछि पूर्ण खोप लगायका सेवा ग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्न दिने ।

ज) होटेल चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको चौबिस घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने त्यस पछि प्रत्येक ७२ घण्टामा परीक्षण गर्ने र सो को जानकारी DCMC मा उपलब्ध गराउने ।

१४. राष्ट्रिय राजमार्गहरुमा सन्चालित होटेल तथा रेष्टुरेन्टहरुले जनस्वास्थ्यको थप मापदण्ड पालन गरी भिडभाड नहुने व्यवस्था मिलाई आलो-पालो गरी सेवा दिने ।

१५. सबै प्रकारका व्यवसायहरुको अग्रपंक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय संस्थाले एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिहरुलाई मात्र काममा खटाउने ।

१६. जुन सुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड -१९ कोचिन्ह वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र पाँच दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएपछि मात्र काममा लगाउने ।

१७. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१८. नियमित रुपमा संचालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी नियमित संचालन गर्ने ।

१९. यस आदेशको पालना गर्न सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने र आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० र प्रचलित कानून बमोजिम कारबाही र सजाय हुनेछ ।

२०७८।१०।६

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी